# विहादी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## वहाकीठाँटी, पर्वत
गण्डकी प्रदेश, नेपाल

पत्र संख्या :- ०७८/०७९
चलानी नं. :-

सूचना नं. : २८

मिति :- २०७८।१०।०७

**गणक तथा सुपरिवेक्षक पद करारमा पदपुर्तिको लागि दरखास्त आह्वानको सूचना**

नेपाल सरकार भुमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयबाट गरिब परिवार पहिचान तथा परिचयपत्र वितरण कार्यक्रम यस आ.व. २०७८/०७९ मा सञ्चालन गर्न गरिब परिवार पहिचान तथा परिचयत्र वितरण निर्देशिका,२०७५ मा व्यवस्था भए बमोजिम यस विहादी गाउँपालिकामा तपशिल बमोजिमका पदहरुमा ५ (पाँच) महिनाका लागि तथ्याङ्क संकलन गर्न सेवा करारमा पदपूर्ति गर्नुपर्ने भएकोले १८ बर्ष उमेर पुरा भै ४० बर्ष ननाघेका इच्छुक नेपाली नागरिक बाट यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले १५(पन्ध्र) दिन भित्र यस कार्यालयमा रित पुर्वकको दरखास्त आवेदन पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ ।

**तपशिल:**

| क्र.सं. | विज्ञापन नं. | पद | माग पदसंख्या | आवेदन दस्तुर | कैफियत |
|---|---|---|---|---|---|
| १. | ०४-०७८/०७९ | सुपरिवेक्षक | १ | ६०० | |
| २. | ०५-०७८/०७९ | गणक | ३ | ५०० | |

**आवश्यक न्युनतम शैक्षिक योग्यता:**

- सुपरिवेक्षकको लागि : मान्यता प्राप्त शिक्षण संस्थाबाट तथ्याङ्कशास्त्र वा जनसङ्ख्या वा अर्थशास्त्र वा गणित विषय सहित कुनै विषयमा कम्तिमा स्नातक वा सो सरह उत्तीर्ण गरेको र कम्प्युटर सम्बन्धि आधारभुत ज्ञान भएको।
- गणकको लागि : मान्यता प्राप्त शिक्षण संस्थाबाट तथ्याङ्कशास्त्र वा जनसङ्ख्या वा अर्थशास्त्र वा गणित विषय सहित कुनै विषयमा कम्तिमा प्रमाणपत्र तह वा सो सरह उतिर्ण गरेको र कम्पयुटर सम्बन्धि आधारभुत ज्ञान भएको ।
- परिक्षाको किसिम : छोटो सूची, लिखित परिक्षा र अन्तरवार्ता।
- लिखित परीक्षाको पाठ्यक्रम : सम्बन्धित तहका लागि विहादी गाउँपालिकाले निर्धारण गरेको पाठ्यक्रम ।
- दरखास्त फारम साथ पेश गर्नुपर्ने कागजातहरु :
- नेपाली नागरिकताको प्रतिलिपि
- सम्बन्धित तहको लागि न्युनतम शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपिहरु।
- कम्प्युटर सम्बन्धि आधारभुत ज्ञान हासिल गरेको प्रमाणपत्रको प्रतिलिपि।
- स्थायी बसोवास वा बसाईसराई वा विवाह दर्ता प्रमाणपत्रको प्रतिलिपि।
- कार्य अनुभवको प्रमाणपत्रको प्रतिलिपि।
- दरखास्त दिने अन्तिम मिति २०७८/१०/२१ गते कार्यालय समय भित्र।
- कार्य गर्नुपर्ने स्थान: विहादी गाँउपालिका क्षेत्र ।
- दरखास्त फारम: यस विहादी गाँउपालिकाको कार्यालय वा वेभसाइट www.bihadimun.gov.np बाट प्राप्त गर्न सकिनेछ।
- परिक्षा मिति:- छोटो सूची प्रकाशन लगत्तै तोकिनेछ ।
- सेवा सुविधा: सुपरिवेक्षकलाई निजामति सेवाको राजपत्र अनंकित प्रथम श्रेणी सरह र गणकलाई राजपत्र अनंकित द्धितिय श्रेणी सरहको मासिक तलबको शुरु स्केल बराबरको पारिश्रमिक तथा अन्य सुविधा को हकमा करार सम्झौता बमोजिम ।
- सेवा करार अवधि: नियुक्ति भएको मितिले बढिमा ५ पाँच महिना ।
- छनौट तथा पदपूर्ति सम्बन्धि अन्य प्रक्रिया विहादी गाउँपालिकाको कर्मचारी पदपूर्ति र सेवा सुविधा सम्बन्धी मापदण्ड, २०७६ अनुसार हुनेछ।
- थप जानकारी का लागि: ९८४६१००८७३ , वेभसाइट :- www.bihadimun.gov.np, फेसबुक पेज :- विहादी गाउँपालिका

०८/१०/८

ध्रुव दयाल
प्रमुख प्रशासकीय अधिकृत